वि.सं. २०८१ असार १९, बुधबार
ने.सं. ११४४ तछलागा द्वादशी

आदरणीय केन्द्रीय समिति सदस्यहरू,
प्रिय सभापति ज्यू ।

पार्टी सचिवालयको निर्णय पश्चात, देशको ३८ वटा जिल्लाको माटो छोइ , समीक्षा यात्रा गरी पार्टी महामन्त्रीको रूपमा मैले तयार पारेको समीक्षा प्रतिवेदन तपाईंहरू माझ पेश भइसकेको छ । यो प्रतिवेदनमा मैले के देखे र मलाई जनताले के भने भन्ने कुरा नै छन् । यहाँ जनताका कुरा जस्ताको तस्तै समेट्ने प्रयास गरेको छु र यसलाई जनताको आवाजभन्दा अन्यथा व्याख्या गर्न पुगिए पार्टीगतरूपमा त्यो सबैभन्दा ठूलो भूल हुनेछ, जनताको मतप्रति , सत्य वचन प्रति अन्याय हुनेछ ।

साथीहरू, प्रतिवेदन सार्वजनिक गर्ने क्रममा मैले सञ्चार माध्यममा प्रतिवेदनका बारेमा , र प्रतिवेदनको थोरै अंश सञ्चार माध्यमबाट पनि प्रेसित गरेँ । केन्द्रीय अनुशासन आयोगले सोहि विषयमा केन्द्रीत रहि मलाई २०८१/०३/१४ मा स्पष्टीकरण समेत सोधेको छ । यस विषयमा मैले केन्द्रीय समितिमा आफ्ना केहि धारणाहरू राख्न चाहे ।

१) पार्टीको विधानको धारा २४ उपधारा ३ (३) ले पार्टी महामन्त्रीको अधिकार तोकेको छ । विधान अनुसार पार्टी महामन्त्रीलाई पार्टीका आयोगहरूलाई निर्देशन दिने अधिकार छ । निर्देशन दिने निकायलाई स्पष्टीकरण सोध्न मिल्दैन भन्ने मेरो सामान्य बुझाइ हो ।
२) पार्टीको केन्द्रीय समितिले पारित गरेको "केन्द्रीय अनुशासन आयोगको नियमावलि २०८०" को नियम ६.२.३ मा केन्द्रीय अनुशासन आयोगको अधिकार क्षेत्र किटान गरिएको छ , जसमा भनिएको छ - "महामन्त्री उपर कारवाहिमा प्रस्तावित रायसहितको सिफारिस सभापतिमार्फत केन्द्रीय समितिमा पेश गर्ने ।" मेरो बुझाइमा, र आयोगका अधिवक्ताहरूले पनि नियमावलि निर्माणको क्रममा, यति लेखेपछी "सभापतिको अनुमति बिना कुनै कारवाहि शुरू गर्न सक्दैन" भन्नु भएको थियो । पत्रको बोधार्थमा सभापति समेतलाई राखिएकाले सभापतिको अनुमतिमा भएको हो कि भन्ने शङ्का लाग्यो तर सभापतिले फोन सम्पर्कमा आफूँलाई त्यसरी स्पष्टीकरण नसोधिएको बताउनु भयो ।
३) सोहि नियमावलिको नियम ३.३ ले अनुशासन आयोगका पदाधिकारीहरूले पालना गर्नुपर्ने आचरण सम्बन्धमा व्यवस्था गरेको छ जसअनुसार आयोगले अनुशासनात्मक कारवाहि प्रक्रियासम्बन्धमा सार्वजनिक बहस वा टिप्पणी गर्न नहुने उल्लेख छ । प्रतिवेदनलाई आन्तरिकरूपमा छलफल नगरी मिडियाबाजी गरेको भनि मलाई आयोगले स्पष्टीकरण सोध्यो, तर मलाई सोधिएको स्पष्टीकरणका बारेमा आयोग आफैँले मिडियाबाजी गर्यो , जुन द्वेध चरित्र मात्र देखिएन , नियमावलि विपरित पनि छ ।
४) नियमावलिको ३.२ बमोजिम आयोगका प्रमुखले महामन्त्रीमार्फत राजीनामा पेश गर्नु पर्ने लेखिएको छ, र आयोगका अन्य पदाधिकारीले प्रमुखसमक्ष राजीनामा पेश गर्नु पर्नेछ । तर मैले

विविध मिडिया र पार्टीका संयन्त्र एवं केहि केन्द्रीय सदस्यबाट आयोगका पदाधिकारी एवं सदस्यहरूले सभापतिसमक्ष राजीनामा पेश गरेका छन् भनेर सुने । नियमावलि विपरित पेश गरिएको राजीनामाको अर्थ भयो वा भएन, बहसको विषय होला , तर राजीनामा स्वीकृत नभएकाले आयोगले सक्रियता देखाएको हुनसक्छ । महामन्त्रीलाई राजीनामा नबुझाएकाले मैले यसमा थप टिप्पणी गर्न मिलेन तर सबैको जानकारीका लागी पेश गरे ।
५) केन्द्रीय अनुशासन आयोगलाई २०८१ वैशाख २७ गते अभिव्यक्ति स्वतन्त्रताका बारेमा राय उपलब्ध गराइदिन पत्र (प.सं. ०८०/८१ च.नं. १३२) लेखेको थिएँ । अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी दुविधा देखिन थालेकाले पार्टीले अवलम्बन गर्नु पर्ने नीतिका लागी आयोगसँग राय मागेका थिए । पत्रमार्फत मात्र हुँदैन भनि सोचेर, आयोगका कावा प्रमुखसँग फोन सम्पर्क गरी अब बाहिर के बोल्न पाउने, के नपाउने निर्धारण गरेर कडाइका साथ जानपर्छ भनेको थिए । पार्टीको विधानले यसअनुरूप सम्पर्क गर्नु महामन्त्रीको कर्तव्य र अधिकारका रूपमा व्याख्या गरेको छ ।
६) पार्टीको जलेश्वर बैठकले हाम्रो पार्टीलाई बहुलवादी लोकतान्त्रिक पार्टी भनेकाले पार्टीले आफ्नो विचार अभिव्यक्त गर्ने अभिव्यक्ति स्वतन्त्रता दिएको छ भन्ने मेरो सामान्य बुझाइ छ ।
७) पार्टीमा कुन कुरा बाहिर राख्न मिल्छ र कुन मिल्दैन भन्ने कुरा निर्धारण गर्न मैले आयोगलाई पत्र लेखे , जवाफ आएन । मैले मभन्दा माथिका नेतालाई हेरे , उनीहरूले बोलेकै देखेँ । मैले पार्टीका अन्य साथीहरूलाई हेरे , उनीहरूले बोलेकै देखेँ । अनि मैले सोचेँ, बोल्न पाइन्छ र त्यहि अनुसार बोलेको हुँ ।
८) बाहिर बोल्नु हुँदैनथ्यो भन्ने कुरामा म अझै अलमलमा छु । साथीहरूले "महामन्त्रीले मिडियामा बोल्नु गलत हो" भनेर मिडियामा नै भनिदिए । अर्को दलका नेतालाई पनि ०.०१% सदस्यको मात्र साथ छ भनेर भनिएको भनेर मिडियाबाट पढेँ । बोल्न नपाउने नियम महामन्त्रीलाई मात्र हो कि अरूलाई पनि । साथीहरूले , कसैले एक केन्द्रीय सदस्य भएर , कसैले एक नेता भएर टिप्पणीहरू दिनु नै भयो । सायद मैले पनि , त्यसरी नै दिनु पर्थ्यो , डाइरेक्ट मैले दिएको भनेर नभन्न पर्थ्यो कि ?

साथीहरू, मिडियाबाट मेरो व्यक्तिगत चरित्रमाथि पनि प्रहार भए । जनताले साथ दिनुभयो तर व्यक्तिगत तवरमै आक्रमण हुँदा पनि कसैले साथ दिनु भएको सुनिनँ । ठीकै छ । समानुपातिक सासंदलाई लिएर प्रश्न उठाइएको रहेछ । म स्मरण गराउन चाहन्छु, यहाँहरू सम्पूर्णमा असोज ३ गते नै निर्वाचन आयोगलाई हामीले बन्दसूचि बुझाएका थियौँ र चुनाव मङ्सिर ४ मा भएको थियो । समानुपातिक सासंद छनोट पनि मङ्सिर ताका नै भएको थियो । जसले आरोप लगाउनु भयो, उहाँको असोजमा नै बुझाइएको बन्दसूचि क्रमसङ्ख्या १५ थियो र अन्य जसलाई आरोप लगाउनु भयो , उहाँहरू २ र १२ मा । समानुपातिक सासंद सिफारिस गर्दा केन्द्रीय समिति सदस्य महेश्वर घिमिरेले दिएको प्रतिवेदनमा आधारित रहेर गरिएको थियो वा थिएन ? र २ र १२ जान्छ कि १५ ? एकपटक फेरी विचार गरौँ । उहाँले आरोप लगाउनु भयो :
१) गुरूआमालाई लिएर आयो । पार्टीमा परिवारवाद निषेध हो , अब महामन्त्रीको लागी परिवारवाद भनेको गुरूआमा, गुरुबा, साथीहरू, चिनेजानेको सबै पर्छन् भनिदिनपर्यो । २ नं मा सिफारिस हुँदा किन नभनेको ? अनि आउँदा पनि को आएको छ ? विचार त गरौँ । ४ दशक लामो

स्वास्थ्य क्षेत्रमा कार्यरत, प्राध्याक, डाक्टर , गन्ती नै गर्ने हो भने देशका उत्कृष्ट १००० महिलामा पर्ने व्यक्तित्व हुनुहुन्छ । जान्नेलाई छान्ने पार्टीमा यति जान्ने मान्छे ल्यायो, उहाँलाई अघि बढाउँ भन्न पर्छ कि १५ मा बसेर पनि २ को साटो आफूँ जान पाउनपर्थ्यो भन्दै बस्ने ? किन यति सारो रडाको ? त्यो पनि समानुपातिक तर्फको निर्वाचन, त्यो पनि खस आर्य समुदायमा ? प्रत्यक्षका लागी लडौं ।
२) गल्फ्रेन्डको कुरा । मेरो जीवनकै बारेमा केन्द्रीय समितिले निर्णय गर्दा पनि फरक पर्दैन । मैले बिहा नै गर्ने कि नगर्ने , कुमार नै बस्ने कि , केन्द्रीय समितिले निर्णय गरिदेओस् । केन्द्रीय समितिले नै केटी खोजेर योसँग गर भन्छ भने पनि तयार छु । वा आफ्नो इच्छा गर भन्छ भने नि ठीक छ । तर निर्णय गरिदेओस् । जुन दिन यो निर्णय गर्न उपयुक्त लाग्छ त्यहि दिन गरिदिनुहोस् । देश निर्माण र देश निर्माणका लागी पार्टी चाहिन्छ भनेर पार्टी निर्माणका लागी जीवन नै समर्पण गरेको छु , गल्फ्रेन्डको कुरा गरेर , मलाई त केहि छैन, म सहूँला तर ती नारीप्रति सम्मान त गरिदिएको भए हुन्थ्यो । "म जान पाइन, एक जना नारी जाने ? मेरो साटो" भनेर रडाको मच्याउँदा पनि , सायद मुकुल ढकालसँग जोडिएको विषय हो , कहाँबाट आउँछ मानव अधिकारका कुरा, महिला अधिकारका कुरा ।

मेरो जीवनको विवाह बाहेकका पनि बाँकी सबै कुरा पार्टीले निर्धारण गरिदेओस् । पार्टीका केहि नेता भन्नुहुन्छ, सरकारी कर्मचारीका छोराछोरी सरकारी विद्यालयमा पढ्नुपर्छ । जसले नियम बनाउँछ, नेताको छोराछोरीले पर्छ कि पर्दैन ? मैले बिहा गरे र मेरो छोराछोरी जन्मिए भने मैले आफ्नो इच्छा अनुसार गर्ने हो वा पार्टीको नीति अनुसार । पार्टीको नीति अरूका लागी मात्र बन्ने हो कि आफ्ना लागी पनि ? नेताहरू सरकारी अस्पतालमा उपचार गराउनु पर्ने हो कि होइन ? आफ्नो इच्छा अनुसार गर्ने हो वा नीति अनुसार गर्ने हो ? नीति बनाएपछी पालना गर्न तयार छौं ? नेताको आचरण निर्धारण गरी पालना गर्न सबैजना तयार हुन्छन् भने खुशी हुन्छु । नत्र पनि मेरा लागी मात्र भए पनि नीति बनाइयोस् । देश छोडेर जा, देशको हित हुन्छ भन्नु हुन्छ भने पनि गइदिन्छु । राजनीति छोड् देशको हित हुन्छ भने पनि छोडिदिन्छु । देशको हितमा कुन ठाउँमा हुँदा ठीक हुन्छ , मैले के गर्दा ठीक हुन्छ, तपाईंहरू भनिदिनुहोस् ।

म सार्वजनिक प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । २०८९ को चुनावमा त्यतिबेलाको आवश्यकता अनुसार निर्णय गरौंला , तर त्यतिबेलासम्म सांसद , मन्त्री वा कुनै पनि प्रकारको सरकारी लाभको पदमा बस्दिन , वा नियुक्ति लिदिन । पार्टी सरकारमा जाँदा पनि व्यवहार जन्य आम जनताका सरूवाका सिफारिस बाहेक कुनै पनि प्रकारले व्यक्ति किटान गरेर सरूवा वा बढूवाका लागी सिफारिस गर्दिन । र पूर्णता पार्टी निर्माणमा लाग्छु । म विश्वास गर्छु, देश निर्माण गर्नका लागी पार्टी निर्माण गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

प्रिय सभापति,
रवि सर ,

आज केन्द्रीय समिति सदस्य ज्यूहरू र आम जनतालाई साक्षि राखेर केहि भन्न चाहन्छु । बढी बोले भने, भाइ सम्झेर माफ गरिदिनु हुन अनुरोध गर्दछु तर आज बोल्नै पर्ने स्थिति आयो । यहाँ दाजु र भाइका कुराभन्दा पनि, पार्टीको कुरा आयो , देशको कुरा आयो , सत्यको कुरा आयो ।

हाम्रो सनातन सभ्यता पौराणिक कथाहरूले धनी छन् । गणेश र कार्तिकेय देवताहरू शिव र पार्वतीका छोराहरू थिए । एक पटक गणेश र कार्तिकेयमा दौड प्रतियोगिता भएछ , र नियम रहेछ , सारा संसार दौडेर आउने विजेता । सारा संसार डुल्नका लागी कार्तिकेयले तीनै लोक दोडनु भएको थियो र गणेशले चै आफ्ना माता पिता शिव पार्वतीलाई बीचमा राखेर घुम्नुभएको थियो । शिव र पार्वतीले गणेश पहिलो भएको , पूजनीय भएको भनेर विजेता घोषणा गरिदिनु भयो । म देश घुम्न चाहन्छु , सभापति ज्यू , म जनतासँग बस्न चाहन्छु । म कार्तिकेय बन्छु तर गणेश बन्दिन । तपाईंको इच्छा, गणेशलाई पहिलो मान्नु हुन्छ वा कार्तिकेयलाई ?

सभापति ज्यू, तपाईंले बोलेका सबैको कुराको रेकर्ड राखेर उत्तर दिन पर्यो । राजनीतिमा आएपछी बोलेका सबै कुराहरू । यहि केन्द्रीय समितिबाट एउटा उपसमिति बनाऔं , ती बोलिहरूको अभिलेखिकरणका लागी । अरूले बोलेका कुराहरू मलाई मतलव छैन, मलाई तपाईंले बोलेका कुराहरू मतलव छन् । हिजो किन बोल्नु भयो ? बोलेका कुराहरू कहिले पूरा गर्नुहुन्छ, टाइमफ्रेम चाहियो । रिजल्ट चाहियो । र अनुरोध छ, अबका दिनमा काम गरेपछी मात्र बोल्नु होला ।

मेरो पक्षमा आज कति जना हुन्छन्, त्यो गौण छ । यो अङ्कको कुरो होइन ? लोकतान्त्रिक मुल्य र मान्यताका कुरा हुन् ? सत्य र असत्यको कुरा हो । देउवा , ओलि र प्रचण्डको पक्षमा पनि शत प्रतिशत मत होला । उनीहरूका गल्ती देखाउनेको पक्षमा ती पार्टीभित्र कोहि छैनन् होला तर के ती सहि छन् त सभापति ज्यू ? प्रश्न आउला, हाम्रा सभापतिलाई देउवा, ओलि र प्रचण्डसँग कम्पेयर गर्ने ? कम्पेयर गरेर राम्रा हाम्रै सभापति भनौंला तर सभापतिको ती नेतासँग फोटाहरू निरन्तर आइरखेका छन्, त्यो पनि सँगै । सभापतिलाई देउवा, ओलि र प्रचण्डसँग दाँजेर को कति ठीक , को कता ठीक भन्ने बेला भइसक्यो । मेरो चाहना त दाँज्ने तहको नहोस् भनेको , धेरैमाथि हुनपर्छ सभापति ज्यू , दाँजिने तहमा होइन । राजनेता बन्न पर्यो सभापति ज्यू, नेता मात्र बनेर पुगेन । तपाईंको गाडीको सिसा कालो भइसक्यो , सभापति ज्यू , समीक्षा गर्नुहोस् ।

सभापति ज्यू , झिँगासँग उडियो भने 'गू'मा पुगिन्छ । मौरीसँग उड्यो भने 'मह'मा पुगिन्छ । मलाई मौरीसँग उड्न मन छ, झिँगासँग होइन । हजुर पनि झिँगासँग उड्न थालेको हो कि , त्यस्तो आभास हुन थालेको छ । मौरीसँग उडौं, जनतालाई मह खुवाऔं ।

मेरा कुराहरू सुनेर सभापति ज्यू, केन्द्रीय सदस्य ज्यूहरू कोहि पनि नरिसाउनु होला । सच्चिऔं । मैले म चै नसच्चिने, तपाईंहरू मात्र सच्चिने भनेकै छैन । मैले खाली सच्चिनु अघि केहि गल्तीहरू गरे होला । म पनि सच्चिने, तपाईं पनि सच्चिने र सभापति पनि सच्चिने । किन कि प्रश्न आइसक्यो ? सच्चिने कि .... ? भो अर्को शब्द नबोलौं होला । फेरी साथीहरूलाई लाग्न

सक्छ, सभापति सक्किने भन्ने तँ को हो ? पार्टी सक्किन्छ भन्ने तँ को हो ? मलाई चुप लगाउन सक्नुहोला, तर जनतालाई ? यी प्रश्न मेरा हुन् कि जनताका , आफैँ मुल्याङ्कन गर्नुहोस् ।

आदरणीय साथीहरू,
समीक्षा प्रतिवेदनमा नै समस्यासँगै समाधानका केहि उपाय पनि सुझाइएकै छन् । तर पनि यस प्रतिवेदनका आधारमा रहि, यस केन्द्रीय समितिको बैठकमा पार्टी महामन्त्रीको रूपमा "अबको १०० दिन" का लागी कार्ययोजना प्रस्ताव पेश गर्न सभापति ज्यूबाट अनुमति चाहन्छु ।

साथीहरू, रूदानेले भन्थे, “जो जति शक्तिमा छ, यो देश सप्रे बिग्रेकोमा त्यति नै जिम्मेवार छ ।” त्यस्तै , यो पार्टीमा पनि जो जति शक्तिमा छ, यो पार्टी सप्रे बिग्रेको त्यति नै जिम्मेवार छ । म मेरो भागको जिम्मेवारी लिन तयार छु ।

प्रस्ताव : अबको १०० दिन

अबको १०० दिन के गर्ने ?
अबको १०० दिनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई "रविको पार्टी" बाट "राष्ट्रिय स्वतन्त्र पार्टी" बनाऔँ ।

रविको पार्टीबाट राष्ट्रिय स्वतन्त्र पार्टी बन्न के गर्ने ?
१. अबको २ हप्ता तयारी गरौँ ।
२. त्यसपछी सभापति र उपसभापति बाहेकका केन्द्रीय समिति सदस्यहरू २ हप्ता गुप्तबास जाऔँ ।
३. गुप्तबासका क्रममा म महामन्त्रीको राय राख्छु, मत राख्दिन । तपाईंहरू निर्णय गर्नु होस् ।
- पार्टीको विधान कस्तो बनाउने ?
- पार्टीको विधानको पालना कसले गराउने ?
- पार्टीको विधान पालना नभए के गर्ने ?
- पार्टीको संगठान्तमक ढाँचा कस्तो हुने ?
- पार्टीको तर्फबाट हुने निर्वाचनका लागी उम्मेदवार छनोट कसरी गर्ने ?
- पार्टीको अबको कार्यदिशा कसरी निर्धारण गर्ने ? के हो ?
- महाधिवेशनको बाटो तय गरौँ ।
- पार्टीको नेताको आचरण कस्तो हुने ? के बाध्यकारी, के गरे राम्रो ?
- पार्टीका नेताले मिडियामा के बोल्न पाइन्छ , के पाइँदैन ?
- पार्टीका नेताको कार्यसम्पादन मुल्याङ्कन कसरी गर्ने ?
- पार्टीमा अनुशासन कसरी कायम गर्ने ?
- पार्टीको आर्थिक व्यवस्थापन कसरी निर्धारण गर्ने ?
- पार्टीका मित्र को हुन् ?
- पार्टीका शत्रु को हुन् ?

हामी को हौँ ?
हामी किन आएका ?
पार्टी र सरकारको सम्बन्ध कस्तो हुने ?
केन्द्रीय समिति र संसदीय दलको सम्बन्ध कस्तो हुने ?
संसदीय दल र सरकारको सम्बन्ध कस्तो हुने ?
पार्टीको निर्णय प्रक्रिया के हो ? कुन तहको निर्णय कसले गर्ने ? कुन तहले गर्ने ?
लगायत समीक्षा प्रतिवेदनमा उठाइएका थुप्रै विषय छन् । त्यसका अलवा पनि तपाईंहरूलाई पनि लागेका होला, पार्टीले यो प्रश्नको उत्तर दिनपर्छ भन्ने लागेका तपाईंहरूका पनि सबै प्रश्नहरू ।

गुप्तबासमा लोकतान्त्रिक प्रक्रियाबाट निर्णय गरौँ । त्यहि गुप्तबासबाट लोकतान्त्रिक प्रक्रिया के हो निर्धारण गरौँ । कतै अलमल भए सभापतिको मत अनुसार चलौँ । गुप्तबासले नै निर्धारण गरोस् , २ हप्ताले मात्र पुग्दैन कि , अर्को पटक पनि बस्न पर्ने कि । फेरी बस्दा, अरू को को थप्न पर्ने हो ?
के के निर्णय गर्न पर्ने हो, त्यो गुप्तबासले गरौँ । सकेसम्म सबै उपस्थित हौँ । त्यो गुप्तबासले नै निर्धारण गरोस् अबको कार्यदिशा ।

४. अपेक्षा गरिन्छ, गुप्तबासको पहिलो समीक्षाले त्यसपछीका बाँकी ७० दिनको कार्यदिशा पनि निर्धारण गर्नेछ ।

गुप्ताबास नबस्ने , अब सबै प्रक्रिया लाइभ गरौँ भन्नुहुन्छ भने पनि म तयार छु । तर त्यस बासले निर्धारण गरोस्, अब के लाइभ गर्ने , के नगर्ने ? यसको विधि के ?  गुप्तबास बस्ने भए पनि बसौँ, खुल्लाबास बस्ने भए पनि बसौँ । पार्टीका लागी एक पटक घोत्लिएर सँगै बसौँ ।

सार्वजनिक रूपमा नै पार्टी निर्माणको प्रक्रिया जनतामा प्रस्तुत गरौँ । बौद्धिक नागरिक समाजको सहयोग खुलेर नै लिऔँ । अब नयाँ पार्टी बनाऔँ, राष्ट्रिय स्वतन्त्र पार्टी । आजका दिनसम्म पार्टीको सर्वोच्च निकाय केन्द्रीय समिति नै भएकाले , यहि केन्द्रीय समितिले निर्णय गरिदेओस् , आगामी कार्यदिशा निर्माणका लागी हामी घोटिऔँ । आशाको दियोलाई फेरी बालौँ । राष्ट्रिय स्वतन्त्र पार्टीलाई अबको १०० दिनमा राष्ट्रिय स्वतन्त्र पार्टी बनाऔँ , रविको पार्टी होइन । राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति पनि रवि लामिछानेलाई नै बनाऔँ तर पार्टीलाई रविको पार्टी होइन, राष्ट्रिय स्वतन्त्र पार्टी बनाऔँ ।

धन्यवाद